जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २९८ २०८० साल असार २२ गते शुक्रबार (7 July 2023 Friday) मूल्य रु. ५/-




**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : बजारमा नेपाली आँपकै.. ३ पृष्ठमा : पूर्वपश्चिम रेलमार्ग : आगामी वर्ष ... ३ पृष्ठमाखानीमा ग्यास चुहिंदा चौविस...

## नागरिकता प्रकरण

# उपप्रमुख यादवलाई अनुसन्धानका लागि तीन दिन हिरासतमा राख्न म्याद थप

**दैनिक समाचारदाता**
**राजविराज, २१ असार ।**

नेपाल र भारत दुबै देशको नागरिकता लिएको आरोपमा सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिरा कुमारी यादवलाई अनुसन्धानका लागि तीन दिन हिरासतमा राख्न जिल्ला अदालत सप्तरीले अनुमति दिएको छ ।

बिहीबार म्याद थपका लागि प्रहरीद्वारा उपप्रमुख यादवलाई ८ नं. इजलाशमा उपस्थित गराइएको थियो ।

उपप्रमुख यादवका वकिलले उनीमाथी झुठा आरोप लगाइएको भन्दै तत्काल रिहाईको आदेश मागेका थिए । सरकारी वकिलले भने नागरिकता कसुरमा थप अनुसन्धानका लागि १० दिन म्याद थप्नु पर्ने जिकिर गरेका थिए ।



न्यायाधिश श्यामबिहारी मोर्यले दुबै पक्षको जिकिर सुनेपछि अनुसन्धानका लागि उपप्रमुख यादवलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न म्याद थप्ने आदेश जारि गरेका हुन् ।

असार १९ गते बुधबार अदालतको अनुमति पाएर प्रहरीले नागरिकता सम्बन्धी कसुर मुद्दामा मिरा र उनका श्रीमान महेन्द्र यादव बिरुद्ध पक्राउ पूर्जी जारि गरेको थियो ।

पक्राउ पूर्जी जारी भएपछि बुधबार शक्ति प्रदर्शनसहित उपप्रमुख यादव प्रहरीमा आत्मसमर्पण गरेकी थिइन् । नेकपा एमालेबाट उपप्रमुखमा निर्वाचित यादव आत्मसमर्पण गर्न जाँदा एमाले स्थानिय नेताहरु उल्लेख्य संख्यामा जिल्ला प्रहरी कार्यालयको मुल गेटसम्म पुगेका थिए ।

सोही कसुरका आरोपी उनका श्रीमान् महेन्द्र भने फरार रहेको र उनको खोजिकार्य भइरहेको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिए ।

उपप्रमुख मिरा र उनका पति महेन्द्र बिरुद्ध नागरिकता सम्बन्धी कसुर मुद्दामा जेठ ५ गते सप्तरी जिल्ला अदालतबाट परमादेश जारि भएपछि असार १७ गते जिल्ला प्रहरी कार्यालयले मुद्दा दर्ता गरेको थियो ।

डाक्नेश्वरी नगरपालिका वडा नं. ३ निवासी कृष्णकुमार यादवले दुई महिनाअघि उच्च अदालत जनकपुर-राजबिराज इजलाशमा दायर गरेको मुद्दामा गत जेठ ५ गते न्यायाधिशद्वय हरिप्रसाद भण्डारी र तेजनारायण सिंह राइको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालयको नाउँमा परमादेशको आदेश जारी भएको थियो ।

परमादेश जारि भएपछि असार १७ गते जिल्ला प्रहरी

*बाँकी अन्तिम पृष्ठमा*

# एसइई परीक्षाफल प्रकाशित

काठमाडौं, २१ असार (रासस) ।

राष्ट्रिय परीक्षा बोर्ड मातहतको परीक्षा नियन्त्रण कार्यालयले विसं २०७९ को माध्यमिक शिक्षा परीक्षा (एसइई) कक्षा १० को परीक्षाफल प्रकाशित गरेको छ ।

अध्यक्ष डा. महाश्रम शर्मासहितको उपस्थितिमा भक्तपुरस्थित कार्यालयमा बसेको बोर्डको बिहीबार बसेको बैठकले परीक्षाफल प्रकाशित गर्ने निर्णय गरेको हो । बोर्डले यसबर्ष अन्तिम पटकका लागि २०७२ सालको पद्धतिअनुसार नै सैद्धान्तिक र प्रयोगात्मकको अङ्क जोडेर परीक्षाफल प्रकाशित गरेको छ ।

विसं २०७२ को पद्धतिअनुसार ९० देखि १०० प्रतिशत प्राप्ताङ्क हुनेलाई ए प्लस, ८० देखि ९० भन्दा कम प्राप्ताकङ्क हुनेलाई ए, ७० देखि ८० भन्दा कम प्राप्ताङ्क हुनेलाई बी प्लस ग्रेड प्रदान गरिन्छ । साथै ६० देखि ७० भन्दा कम प्राप्ताङ्क हुनेलाई बी, ५० देखि ६० भन्दा कम प्राप्ताङ्क हुनेलाई सी प्लस, ४० देखि ५० भन्दा कम प्राप्ताङ्क हुनेलाई सी, ३० देखि ४० भन्दा कम प्राप्ताङ्क हुनेलाई डी प्लस, २० देखि ३० प्राप्ताङ्क हुनेलाई डी तथा २० भन्दा कम प्राप्ताङ्क हुनेलाई ई ग्रेड प्रदान गरिन्छ ।

गत चैत १७ गतेदेखि २९ गतेसम्म देशभरका दुई हजार ३७ परीक्षा केन्द्रमा सञ्चालित परीक्षामा सामुदायिक र संस्थागत विद्यालयका साधारणतर्फ कूल चार लाख ८५ हजार तीन सय ९६ विद्यार्थीको सहभागिता रहेको थियो । परीक्षामा दुई लाख ४२ हजार सात सय १२ जना छात्रा र दुई लाख ४२ हजार छ सय ७४ जना छात्रले भाग लिएको बोर्डको भनाइ छ । बोर्डका अनुसार प्राविधिक धारतर्फ १५ हजार चार सय ६१ जना परीक्षार्थी थिए ।

# एमाले र अध्यक्ष ओली बिरुद्ध मिटरब्याजी पीडितद्वारा प्रदर्शन



**दैनिक समाचारदाता**
**राजबिराज, २१ असार ।**

मिटरब्याजीलाई कारवाही गर्न सरकारले ल्याएको अध्यादेश निष्कृय भएपछि सप्तरीका मिटरब्याजी पीडितहरुले बिहीबार प्रदर्शन गरेका छन् ।

राजबिराजस्थित शिव मन्दिरको प्राङ्गणमा भेला भएका मिटरब्याजी पीडितहरुले मिटरब्याजीलाई कारवाही गर्न २०८० बैशाख २० गते सरकारद्वारा ल्याइएको अध्यादेश अविलम्ब पारित गर्नुपर्ने माग गर्दै

*बाँकी अन्तिम पृष्ठमा*

# सवारी चालक अनुमतिपत्रको अनलाइन राजस्व भुक्तानीसहितको विद्युतीय सेवा शुभारम्भ

काठमाडौं, २१ असार (रासस) ।

सवारी चालक अनुमतिपत्रको अनलाइन राजस्व भुक्तानीसहितको विद्युतीय सेवा गण्डकी प्रदेशको राजधानी पोखराबाट शुभारम्भ भएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबारमा आयोजित एक कार्यक्रमका बीच भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वाला र गण्डकी प्रदेश सरकारअन्तर्गत भौतिक पूर्वाधार विकास तथा यातायातमन्त्री रेशमबहादुर जुग्जालीले बुधबार संयुक्तरूपमा सो सेवा शुभारम्भ गर्नुभएको हो ।

परीक्षणका रूपमा गण्डकी प्रदेशको पोखराबाट सुरु भएको यस किसिमको अनलाइन राजस्व भुक्तानी सेवा एक महिनाभित्र देशका सातवटै प्रदेश राजधानीबाट सुरु हुनेछ ।

सो अवसरमा मन्त्री ज्वालाले प्रविधिको सदुपयोग गर्दै सरकारी सेवा प्रवाहका क्रममा देखिने गरेको भीड तथा लाइन र विचौलियामुक्त बनाई सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ अनलाइन सेवा प्रणाली सुरु गरिएको स्पष्ट गर्नुभयो ।

अबदेखि सवारी चालक अनुमतिपत्र लिने, वर्ग थप्ने र नवीकरण गर्ने क्रममा आमजनताले झेल्दै आएको सास्ती व्यहोर्न नपर्ने बताउँदै उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुरूपको ऐन, कानून तर्जुमा गरी जनमुखी सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

गण्डकी प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय, पोखराबाट जुममार्फत मन्त्री जुग्जालीले परिवर्तित सन्दर्भमा आवश्यक ऐन, कानूनको अभावमा प्रदेश सरकारले चाहे जति काम गर्न नसकेको उल्लेख गर्दै अत्यावश्यक कानून तथा नीति निर्माणका पक्षमा समन्वयसहित सहजीकरणका लागि सङ्घीय सरकारको ध्यानाकर्षण गर्नुभयो ।

सङ्घीय भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशव शर्माले अनलाइन सेवा प्रणालीलाई प्रभावकारी र व्यवस्थित तुल्याउन यातायात व्यवस्था विभाग, प्रदेश मन्त्रालय, यातायात व्यवस्था कार्यालय, चिकित्सक एवं सेवाग्राहीको भूमिका र दायित्व कानूनमा नै किटान गरिएको उल्लेख गर्दै देशभर सेवा सञ्चालन भएपछि सवारी चालक अनुमतिपत्र लिनेक्रममा सम्बद्ध सेवाग्राहीले राहत महसुस गर्ने छन् भन्नुभयो ।

यातायात व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले हाल दैनिक छ/सात हजार सेवाग्राहीले सवारी चालक अनुमतिपत्रका लागि आवेदन दिने गरेकोमा सोअनुसारको सेवा दिने क्षमता नभएको अवस्थामा विद्युतीय सेवा प्रणाली सञ्चालन गरी सेवाग्राहीलाई राहत दिन लागेको स्पष्ट गर्नुभयो ।

सो सेवा सञ्चानल भएपछि चिकित्सकीय सेवासहित बायोमेट्रिक परीक्षण, लिखित र प्रयोगात्मक परीक्षामा सहभागी हुनबाहेक राजस्व भुक्तानीलगायत सबै काम अनलाइनबाट गर्न सकिने विभागले स्पष्ट गरेको छ । नेपालमा ३३ लाख ६० हजार जनाले चालक अनुमतिपत्र लिएको सो अवसरमा जानकारी गराइयो ।

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भू-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### असारे विकासको चटारो

वर्षभरि गर्न नसकेका विकासका कार्यहरु गर्न अहिले असार महिनामा तँछाडमछाड भइरहेको छ। असारे विकासका नामले ख्याति कमाएको यस्तो विकासले राज्यको ढुकुटी रित्याउने बाहेक अरु केही गर्न नसकेको छर्लङ्गै छ। बिना योजना, बिना तयारी मात्र र मात्र बजेट सिद्धयाउनका लागि कहीं बाटो निर्माण, कहीं नाला निर्माण त कतै तालिमका नाममा यस्ता विकासहरु गर्ने परम्परा नै बसिसेको छ।

स्थानीय, प्रदेश र संघीय सरकारले एक वर्षका लागि बजेट, नीति र कार्यक्रम तय गर्दछन्। तर, प्रायः वर्षभरि कार्य नगर्ने र असार लाग्नासाथ बजेट फ्रिज नहोस् भन्नाका लागि विकासिय कार्यहरुलाई तीव्रता दिइन्छ। यस्ता विकास निर्माणका कार्यहरु गुणस्तरहीन त हुन्छ नै यसले यदाकदा दुर्घटना समेत निम्त्याउने गरेको देखिन्छ यस्ता विकासहरुको अनुगमन र मूल्यांकन गर्ने फुर्सद कसैलाई हुँदैन किनभने समय कम र बजेट खर्च गर्न बाँकी रहेको हुन्छ। तीनै तहको बजेट सार्वजनिक गर्ने मिति तय भए जस्तै आर्थिक वर्ष सकिनुभन्दा कम्तीमा दुई महिना पहिलेसम्म मात्र बजेट खर्च गर्न सकिने प्रावधान गर्न सकिए यसरी असारे विकासको प्रक्रियामा केही हदसम्म नियन्त्रण गर्न सकिन्छ।

खासगरी स्थानीय तहका सरकारहरुले आफ्ना क्षेत्रको वास्तविक समस्या र आवश्यकतालाई बुझेर नीति र कार्यक्रम ल्याउनु वेश हुन्छ र सोही अनुसार ठोस कार्ययोजना निर्माण गरी दश महिनामा नै कार्यक्रमहरु सम्पन्न गर्ने तर्फ तीनै तहका सरकार गम्भिर हुनुपर्ने आवश्यकता देखिन्छ।

# बजारमा नेपाली आँपकै एकछत्र राज

काठमाडौं, २१ असार (रासस)। फलफूलको राजा मानिने आँपको उत्पादन राम्रो हुँदा यसपालि बजार पनि सस्तिएको छ। फलफूल व्यवसायीका अनुसार पछिल्लो दशककै सबैभन्दा सस्तोमा अहिले नेपाली आँप बिक्री भइरहेको छ।

अहिलेसम्म आँप राम्रो रहेको र अब विस्तारै उत्पादन सकिँदै गएकाले महँगाईमा उकालो लाग्न थालेको छ। नेपाल फलफूल थोक व्यवसायी सङ्घ कुलेश्वरका अध्यक्ष अमर बाँनियाका अनुसार यसपालि सिजनको मुख्य समयमा ४० देखि ५० प्रतिकिलोसम्म थोक मूल्यमा आँप बिक्री भएको छ। गत साल यही समयमा आँपको थोक मूल्य ८० देखि ९० रहेको थियो। आजको मितिमा भने आँपको मूल्य थोकमै ६० माथि पुगिसकेकोछ।

जातअनुसार केही आँप अलि महँगो र केही आँप अली सस्तोमा बिक्री हुन्छ। सबैभन्दा बढी माग र बिक्री हुने आँप मालदह हो। यो आँप खुद्रा भने प्रतिकिलो १०० को हाराहारीमा बिक्री भइरहेको छ। दशहरी केही महँगो छ भने अन्य आँप डेढ किलोको १०० मा समेत बिक्री भइरहेको छ।

उत्पादनको मुख्य समयमा त्यसबेला कुलेश्वरबाट दैनिक १०० टन र अझै त्यो भन्दा माथि पनि आँप गएको थियो। अहिले ५० टनको हाराहारीमा आँप काठमाडौं उपत्यकामा गइरहेको छ। बिस्तारै यो घट्दो क्रममा छ भने मूल्य बढ्न थालेको छ। "यसपालि बजारमा धेरै आँप आयो, त्यसैले आँप सस्तिएको हो", बाँनियाले भन्नुभयो, "पछिल्लो दशक होइन २०/२५ वर्षको मेरो यो व्यापारकै अनुभवमा यसपालि आँप सबैभन्दा सस्तो भएको छ, नेपाली आँप उत्पादन पनि राम्रो भयो।" उहाँले मण्डीबाट रु ३० करोड बराबरको आँप बिक्री हुने अनुमान गर्नुभयो। नेपालमा व्यापारीहरुले फरकफरक ठाउँमा आँप पठाउने भएकाले एकीकृत कारोबार र वार्षिक कारोबार कति भनेर यकिन गर्न नसकिने बाँनिया बताउनुहुन्छ।

कृषि विभागका अनुसार पनि यसपालि आँपको उत्पादन बढेको छ। विभागका सूचना अधिकारी, वरिष्ठ कृषि अर्थविज्ञ सुनिलकुमार सिंह यसपटक आँप उत्पादनको सिजन पनि भएकाले उत्पादन बढेको बताउनुभयो। उहाँका अनुसार उत्पादन क्रमश बढ्दो क्रममा रहेको देखिन्छ। आव २०७७/७८ मा ४३ हजार ६८९ हेक्टरमा आँप उत्पादन भएको थियो। त्यहाँबाट चार लाख ६६ हजार २६७ मेट्रिक टन उत्पादन भएको थियो। आव २०७८/७९ मा भने ३९ हजार ५७९ हेक्टर क्षेत्रफलमा चार लाख ९८ हजार ८५९ टन आँप उत्पादन भएको तथ्यांक छ। यो वर्ष झन् राम्रो उत्पादन भएको छ। उत्पादकत्व पनि प्रतिहेक्टर १०.६७ बाट बढेर १२.६१ मेट्रिक टनले बढेको छ।

नेपालको कुनै पनि फलफूल अन्य देशको तुलनामा गुणस्तरको रहेको बताउनुभयो। नेपाल फलफूल थोक व्यवसायी सङ्घ कुलेश्वरका अध्यक्ष अमर बाँनियाका अनुसार आँप कै कुरा गर्ने हो भने नेपाली आँप हेर्दा पनि राम्रो, र स्वादिलो भएकाले यो समयमा अरु कुनै फलफूलले स्थान नै पाउँदैन। माग पनि नेपाली आँपकै हुन्छ। नेपाली आँप भएसम्म विदेशी आँपले बजार पाउँदैन, त्यसैले नेपालमा उत्पादन सकिएपछि मात्रै बाह्य आँप आउँछ।

बेमौसममा पनि यसैगरी आँप निकाल्न सकियो भने र व्यावसायिक रुपमा अघि बढाउन सकियो भने नेपाली उत्पादनले बजार लिनेमा उहाँ ढुक्क हुनुहुन्छ। तर बिडम्बना बाहिरबाट अन्य फुलफूल आइसक्दा पनि नेपालका जिल्लाहरुमा उत्पादन भएका फलुफूल काठमाडौं आउनै सक्दैन। आएको पनि बिग्रिसकेको, पाकिसकेको अवस्थामा आइपुग्छ, जसले बजार पाउँदैन। त्यसकारण सरकारले बजार, प्याकेजिङ, ग्रेडिङमा ध्यान दिनुपर्ने व्यवसायीहरुको सुझाव छ। उहाँले भन्नुभयो, "महाराष्ट्रको केरा पाँच दिनमा ल्याउँदा पनि यहाँ केही नहुने र हाम्रो कैलालीको केरा ल्याउँदा ग्यास भरिसक्ने किन त ? भनेको प्याकेजिङ र ग्रेडिङको समस्या हो।"

आँपको मुख्यमा भने खास एक रुपता हुँदैन। बढी पाकेको आँप सस्तोमा बिक्री हुन्छ भने कम पाकेको आँप राम्रो देखिने महँगोमा बिक्री हुँदै आएको छ। व्यापारीहरुल ले बगान नै किन्ने गरेकाले पनि किसानले घाटा नाफा के पायो भनेर आँकलन गर्न पनि मुस्किहुने बताइएको छ।

चैततिरै किसानको बगानमै पुगेर व्यापारीहरुले अग्रिम पैसा दिएर बगान नै किनेको हुन्छ। नाफा घाटा सबै व्यापारीको नै हुन्छ। किसानले उत्पादन गरेको मूल्य कति हो र यहाँ व्यापारिक मूल्य कति हो भनेर छुट्याउन गह्रे हुने व्यवसायीहरु बताउँछन्। किसानको बगानमा जति तिरे पनि बजारले मूल्य निर्धारण गर्ने भएकाले घाटा नाफा व्यापारीकै हुने गरेको छ। उनीहरुले कुनैबेला ठूलै नाफा पनि लिन सक्छन्। कुनै बेला घाटा पनि हुनसक्छ। यसपाली आँपको मूल्य सस्तो भएकाले नाफा कमाउन मुस्किल रहेको एक व्यापारीले बताए।

**कालीमाटीको अवस्था**

काठमाडौं उपत्यकामा अधिकांश फलफूल कुलेश्वर मण्डीबाट बिक्री हुन्छ। कालीमाटीबाट नगन्य मात्रामा फलफूल बिक्री हुन्छ। कालिमाटी फलफूल तथा तरकारी विकास समितिका उपनिर्देशक विनय श्रेष्ठका अनुसार पनि काठमाडौंमा यहाँबाट१० प्रतिशत पनि फलफूल बिक्री हुन्न। उहाँका अनुसार वैशाखदेखि असार १७ गतेसम्म एक हजार ३८२ टन मात्रै फलफूल बिक्री भएको छ। त्यसमा ७९३ अर्थात ५० प्रतिशतभन्दा बढी सिरहाको आँप आएको छ। सप्तरीको ११९ टन, सर्लाहीको १३० टन आएको छ। कूल भित्रिएकोमध्ये १६३ टन अर्थात १२ प्रतिशतको हाराहारीमा भने भारतबाट भित्रिएको छ।

सिजनको सुरुआती चरण र अन्तिम तथा बेमौसममा भारतीय आँप आउने गरे पनि मौसममा भने नेपालकै आँप प्रसस्त हुने उहाँले बताउनुभयो। सुरुमा आँप अलि महँगो भएर आउँछ। आँपको सिजन जेठ र असार हो। यो समयमा नेपाली आँपले नै भरिन्छ। आएका आँपमध्ये ९० प्रतिशत आँप मालदह हुने गरेको पनि उहाँले बताउनुभयो। उहाँको अनुसार यहाँबाट जेठको पहिलो साता प्रतिकिलो २२८ रुपैयाँले थोकमा आँप बिक्री भएको थियो। दोस्रो साता १९१, तेस्रो साता १११ चौथो साता ८६ ले बिक्री भएको थियो।

असारको पहिलो साता ६२, दोस्रो साता ७३, तेस्रो साता ७५ हाराहारीमा बिक्री भइरहेको छ। यही १७ गते कालिमाटीमा ६० देखि ७० रुपैयाँ किलोमा थोकमा बिक्री भइरहेको छ। आजको मूल्य भने मालदह ७० देखि ८० प्रतिकिलोमा थोक बिक्री भइरहेको छ। कुलेश्वर फलफूल मण्डीमा भन्दा यहाँबाट अली महँगोमा फलफूल बिक्री भइरहेको छ। दुई चार दिन राख्न मिल्ने आँप अलि महँगोमा जान्छ, पाकिसकेको आँप सस्तोमा जान्छ त्यसैले आँप यति नै कारोबारमा हुन्छ भनेर भन्न नसकिने श्रेष्ठले भन्नुभयो।

**नेपालमा २४ जिल्लामा हुन्छ आँपको खेती**

नेपालमा कूल फलफूल उत्पादनको क्षेत्रमध्ये आँपले ३० देखि ३५ प्रतिशत ओगटेको छ। नेपालमा सबैभन्दा बढी मधेश प्रदेशमा आँप उत्पादन हुन्छ। व्यावसायिक रुपमा आँप खेती हुने २४ जिल्ला छन्। हाल झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, महोत्तरी, सर्लाही, धनुषा, बारा, पर्सा, रौतहट, धादिङ्ग, नवलपरासी पश्चिम, कपिलवस्तु, रुपन्देही, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कन्चनपुरलगायतका जिल्लामा व्यावसायिक रुपमा आँपको खेती भइरहेको छ।

फलफूल खेतीमा प्रचुर सम्भावना र अवसर हुँदाहुँदै पनि फलफूल खेतीको आशातीत विस्तार हुन सकेको छैन। बढ्दो जनसङ्ख्या, मानिसमा स्वास्थ्यप्रतिको सचेतना आदि कारण फलफूलको माग वर्षैपिच्छे बढ्दै गएको पाइन्छ। नेपाल सरकारले फलफूल उत्पादनका कार्यक्रम लागू गरे पनि पर्याप्त भएको छैन।

फरकफरक समयमा फरकफरक जानका आँप उत्पादन हुन्छ। अगौटे जातहरुमा बम्बई ग्रिन, गोपाल भोग, सुकतारा, गुलाबखास आदि छन्, मध्येजातहरुमा दशहरी, मालदह, मल्लिका, आम्रपाली पर्छन्। पछौटे जातहरुमा चौसा, कलमतिया, सिपिया, अबेहायात आदि रहेका छन्। फलफूल व्यवसायको व्यापक विस्तार गरी १० वर्षभित्र प्रमुख फलफूलहरूमा देशलाई आत्मनिर्भर बनाएर निर्यात प्रवर्द्धन गर्ने उद्देश्यका लागि आव २०७३/७४ देखि २०८२/८३ सम्मलाई फलफूल दशकको रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेको छन्।

हावापानीको दृष्टिकोणले तराईदेखिमध्ये पहाडको बेसीसम्म खेती गर्न सकिने आँपलाई फलफूलको राजा पनि भनिन्छ। आँपमा वर्ष बिराएर फल्ने प्रवृति भएकाले कहिलेकाहीं तीन/चार वर्षमा एक वर्ष मात्र राम्रो बाली प्राप्त हुने गर्दछ।

पहाडी भेगका गर्मी ठाउँहरुमा लगाइएका आँपको बोटको वृद्धि तराई क्षेत्रमा गरिएको खेतीभन्दा कम हुनुको साथै उत्पादन तथा फलको गुणस्तर पनि कम हुन्छ। उष्णप्रदेशीय फलफूलहरुमध्ये आँपलाई प्रमुख फलको रुपमा मानिन्छ। पाकेको आँपमा भिटामिन 'ए' र 'सी' प्रचुर मात्रामा पाइन्छ। पाकेको फलमा अम्ल र प्रोटिनको मात्रा थोरै भएता पनि चिनीको मात्रा भने धेरै हुन्छ। दशहरी, मालद्ह, लङ्गा, जर्दा, अल्फान्सा, अम्रपाली, मल्लिका, रत्ना, चौसा, कलकत्तीया, निलम, फजलीलगायतका आँपका जात छन्।

आँप उष्णप्रदेशीय सदाबहार बहुवर्षीय फलफूल बाली हो। भौगोलिक अवस्था अनुसार समुन्द्र सतहदेखि २००-६०० मिटरसम्मको उचाईमा व्यवसायिक रुपमा आँप खेती गर्न सकिन्छ। यसले तुषारो र सुख्खा सहन सक्दैन। जाडो र बसन्त ऋतुमा तुषारो पर्ने ठाउँ आँप बगैंचा बनाउन उपयुक्त हुँदैन। एउटै बिरुवाले कयौं दशकसम्म (३०-४० वर्ष) फल दिने हुनाले यसको लागि दीर्घकालीन सोच र सावधानीपूर्ण योजना बनाउनु जरुरी हुने फलफूल विज्ञको भनाइ छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# पूर्वपश्चिम रेलमार्ग : आगामी वर्ष विगतका ठेक्काकै काम गरिने

**सञ्चिता घिमिरे**

काठमाडौँ, २१ असार (रासस)।

पूर्व-पशिचम विद्युतीय रेलमार्गमा आगामी वर्ष गत वर्ष सुरु भएको ठेक्काका बाँकी काम गरिने भएको छ। विसं २०७१ वा त्योभन्दा पछि सुरु भएका ठेक्का नै सम्पन्न हुन बाँकी रहकाले तिनकै काम गरिने रेल बिभागले जनाएको छ।

आगामी आर्थिक वर्ष कुनै नयाँ ठेक्का सम्झौता नगरेर चालु ठेक्कालाई पूरा गरिने विभागका महानिर्देशक रोहितकुमार बिसुरालले बताउनुभयो। बर्दिवासमा ६९ किमीसम्म काम भइरहेकामा त्यो खण्ड पूरा गर्न आगामी वर्षको बजेटमा पनि रकम बिनियोजन भएको छ। उहाँले भन्नुभयो, "अहिले भइरहेको कामलाई निरन्तरता दिइन्छ।"

अहिले काम भइरहेको खण्ड बाहेक नयाँ खण्डमा काम गर्न आगामी वर्षको बजेटमा व्यवस्था गरिएको छैन। चालु ठेक्काबाटै सम्पन्न हुन बाँकी कामलाई पूरा गरिने आयोजनाले जनाएको छ। अहिले झण्डै १३ ठेक्का निर्माणाधीन छन्। तीमध्ये अधिकांस बिसं २०७४ का ठेक्का रहेको महानिर्देशक बिसुरालले बताउनुभयो।

त्यसको अपूरो एक/दुई वटा साना ठेक्का गतवर्ष लागेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "अझै केही त २०७०/७१ को ठेक्का पनि सम्पन्न गर्नुपर्ने छ।" अहिले सो आयोजनामा ट्र्याक बेडको काम र पुलको काम भइरहेको आयोजनाले जनाएको छ। ट्र्याक बेड निर्माण भइरहेको र पुल सम्पन्न हुन लागेको उहाँले बताउनुभयो। बागमती नदीमा सर्लाही र रौतहट जोड्ने पुलमा काम भइरहेको उहाँले जानकारी दिनुभयो।

निर्माणाधीन ठेक्कामध्ये पनि खासगरी बन क्षेत्रका कारण समस्या आएकामा बाँकी रहेको उहाँले बताउनुभयो। दुई/तीन ठाउँमा जङ्गल कटानको सहमति नआउँदा ढिला भएको छ। अहिले निर्माणाधीन ६९ किमी रेलमार्गको सुरुवात झण्डै एक दशक पहिले भएको थियो। केही वर्षयता नयाँ ठेक्कामार्फत रेलमार्ग विस्तारभन्दा पहिलेको ठेक्का सम्पन्न गराउने गरी बजेट विनियोजन भइरहेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "बर्सेनि चालु ठेक्काका लागि रकम छुट्ट्याइएको छ।" अहिले काम भएको स्थानमा रेल्वे लाइन बिच्छ्याउनुपर्ने, स्टेशनका लागि भवन बनाउने, विद्युतीय प्रणाली जडान गर्नेलगायतका काम गर्नुपर्ने महानिर्देशक बिसुरालले बताउनुभयो। त्यसपछि रेल गाडि ल्याएर चलाउन सकिने उहाँ बताउनुहुन्छ।

सरकारले आर्थिक अभावका कारण धेरै आयोजनामा चालु ठेक्का पूरा गर्ने तर नयाँ ठेक्का नगर्ने गरी बजेट बिनियोजन गरेको छ। यो आयोजनामा पनि त्यही लागु भएको छ। रेल बिकासतर्फ पूर्व-पश्चिम रेलमार्गको बर्दिवास-निजगढ खण्डको निर्माणलाई निरन्तरता दिइने तथा बीरगञ्ज-काठमाडौँ र रसुवागढी-काठमाडौँ रेलमार्गको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिने बजेटमा उल्लेख छ।

अहिले रेलमार्गमा यो खण्डमा बाहेक अरु खण्डमा कतै पनि काम नभएको उहाँले बताउनुभयो। अध्ययनको काम पनि एउटा खण्डमा अझै सम्पन्न गर्न बाँकी छ। निजगढदेखि चितवन खण्डमा अध्ययन भइरहेको छ। सो खण्डमा रेखाङ्कन परिवर्तन गर्नुपर्ने हुँदा अरुभन्दा ढिला भएको हो।

राष्ट्रिय निकुञ्जभित्रबाटै रेलमार्ग निर्माण गर्दा त्यहाँका बन्यजन्तु र बनस्पतिलाई असर पुऱ्याउने भएकाले अहिले निजगढबाट हेटौँडा हुँदै भरतपुर जोड्ने गरी रेलमार्ग अघि बढाउन लागिएको छ। डिपिआर आगामी पुससम्ममा सकिने जानकारी परामर्शदाताले दिएको उहाँले जानकारी दिनुभयो। नेपालमा रेल यातायातमा अहिलेसम्म भारतको जयनगरबाट कुर्थासम्म रेल सञ्चालन बाहेक अरुतिर उल्लेखनीय उपलब्धि हासिल भइसकेको छैन।

राष्ट्रिय गौरबको सो आयोजनाको सुरु बिन्दु झापाको काकडभिट्टा र अन्तिम कञ्चनपुरको गड्डाचौकी रहेको छ। पुरानो रेखाङ्कन अनुसार पूर्व-पश्चिम विद्युतीय रेलमार्गको लम्बाई नौ सय ४५ किमी हुने देखिएको थियो। अहिले त्यो परिवर्तन गरेर नयाँमा जाँदा भने लम्बाइ केही बढ्नसक्ने देखिएको छ।

विसं २०६८ रेल विभाग स्थापना भएपछि त्यसले नै रेलमार्ग निर्माणको काम गरिरहेको छ। रेलको अध्ययन, विकास, सञ्चालनका लागि सङ्घीय संसद्ले गत वर्ष रेल्वेसम्बन्धी ऐन पारित गरेको छ। सरकारले गतवर्ष नेपाल रेल्वे बोर्डको गठन गरेकामा त्यसको कामको जिम्मेवारी विभागलाई दिइएको आगामी वर्षको बजेटमा उल्लेख छ।

# 'प्रधानमन्त्री प्रचण्ड सदैव सङ्घीय संसद्प्रति जवाफदेही हुनुहुन्छ'

काठमाडौँ, २१ असार (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यही असार १८ गते काठमाडौँमा आयोजित एक कार्यक्रममा दिएको अभिव्यक्तिलाई अपव्याख्या गरिएको प्रधानमन्त्रीको स्वकीय सचिवालयले जनाएको छ।

प्रधानमन्त्री प्रचण्डका प्रेस सल्लाहकार गोविन्द आचार्यले बिहीबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा प्रधानमन्त्री प्रचण्डले सरदार प्रितम सिंहबारे दिएको अभिव्यक्तिलाई लिएर राजनीतिक अभिष्ट पूरा गर्न खोजिएको दाबी गर्दै यस विषयमा सचिवालयको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ।

विज्ञप्तिमा पुस्तक विमोचनको प्रसङ्गलाई लिएर प्रमुख प्रतिपक्षी दलहरुले नियोजित रुपमा संसद् अवरोध गरेको सचिवालयले आरोप लगाएको छ। संसद् अवरोध गर्दा मिटरब्याजीलाई कारबाही गर्न ल्याइएको विधेयक संसद्बाट पारित नभइ निष्क्रिय भएको तथा त्यसबाट मिटरब्याज पीडितको न्यायप्राप्तिको अपेक्षामा गम्भीर आघात पुगेको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ, "यसप्रति हामी गहिरो दुःख व्यक्त गर्दै मिटरब्याज पीडितको न्यायको पक्षमा आवश्यक पहल लिने प्रतिबद्धता व्यक्त गर्दछौँ।"

जनयुद्धबाट शान्ति प्रक्रियामा प्रवेशलगत्तै प्रधानमन्त्री प्रचण्डसँग सरदार प्रितम सिंहको भेटघाट र चिनजान भएको थियो। प्रचण्डकी जेठी छोरी ज्ञानु दाहाल क्यान्सर रोगबाट सङ्क्रमित भएपछि २०६७/६८ सालतिर सिंहको दिल्लीस्थित घरमा बसेर नै उहाँको उपचार प्रक्रिया अगाडि बढेको र छोरीको उपचारका क्रममा उहाँको भारतमा आउजाउ हुने गरेको विज्ञप्तिमा भनिएको छ।

सोही क्रममा सिंहका नातिसँग प्रधानमन्त्री प्रचण्डका सुपुत्र प्रकाश दाहालको सम्बन्ध घनिष्ठ बनेको र उहाँहरूको सम्बन्ध औपचारिक मात्र नभएर भावनात्मक एवं पारिवारिकसमेत हुँदै गएको बताइएको छ।

नेपाललाई नयाँ युगतर्फ लैजान प्रचण्डकै राजनीतिक नेतृत्व आवश्यक रहेको बताउनु हुने सिंहले अनौपचारिक भेटघाटमा प्रचण्डसँग 'तपाईंजस्तो योग्य मान्छे फेरि देशको प्रधानमन्त्री हुनुपर्छ' भन्ने सदाशयता व्यक्त गर्दै आउनुभएको सन्दर्भ पुस्तक लोकार्पणका क्रममा प्रधानमन्त्रीले प्रसङ्गवश उल्लेख गर्नुभएको सचिवालयको भनाइ छ।

सिंहको दिल्लीस्थित आफ्नै घरमा पटक-पटक आउजाउ गर्दा भएका पारिवारिक संवादमा सिंहले व्यक्त गरेका विषयसमेत प्रधानमन्त्रीले कार्यक्रममा स्मरण गर्नुभएको प्रेस सल्लाहकार आचार्यको भनाइ छ। "प्रधानमन्त्री प्रचण्डले सिंहसँगको सम्बन्धको गहिराइलाई व्यक्त गर्न गरिएको भावानात्मक अभिव्यक्तिलाई बङ्ग्याएर अतिसयोक्तिपूर्ण राजनीतिकरण गर्नु आफैमा निरर्थक र दुःखद् छ", उहाँले भन्नुभयो।

सम्मानित संसद्बाट निर्वाचित प्रधानमन्त्री प्रचण्ड सदैव सङ्घीय संसद्प्रति जवाफदेही रहेको उल्लेख गर्दै उहाँले संसद्मा प्रष्टिकरणको मौकासमेत नदिइ उहाँको भनाइको आशयविपरीत एकपक्षीय ढङ्गले प्रचारप्रसार गरिनु दुर्भाग्यपूर्ण रहेको स्पष्ट पार्नुभयो।

दलगत राजनीति र लोकतान्त्रिक प्रणालीप्रति नै वितृष्णा सिर्जना गर्न विभिन्न कोणबाट भइरहेका हमलाविरुद्ध लोकतन्त्रको रक्षा र सुशासनको प्रत्याभूतिका लागि सरकारले चालेका कामबाट 'केही हुँदैन' भन्ने निराशावादी मनोविज्ञानको ठाउँमा 'गरे हुनेरहेछ' भन्ने आशलाग्दो वातावरण सिर्जना भइरहेको बेला प्रधानमन्त्रीको राजीनामा मागिनु भ्रष्टाचार र जनताका पक्षमा सञ्चालित अभियान रोक्ने मनसाय रहेको स्पष्ट भएको उहाँको भनाइ छ।

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्ड गत पुस १० गते प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) समेतको प्रस्तावमा प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको थियो। उहाँले प्रतिनिधिसभामा झण्डै शतप्रतिशत विश्वासको मत प्राप्त गर्नुभएको थियो।

विज्ञप्तिमा भनिएको छ, "सङ्कुचित राजनीतिक मानसिकताका साथ प्रधानमन्त्रीको राजीनामा मागेर संसद् अवरुद्ध गर्नु सुशासन, समृद्धि र सामाजिक न्यायका पक्षमा सरकारले चालेका कदमको विरोध र सिङ्गो संसद्को नै अपमान हुन जाने तथ्यसमेत हामीले हेक्का राख्नुपर्दछ।"

प्रेस सल्लाहकार आचार्यले यस्ता कुनै पनि प्रकारका भ्रमबाट मुक्त रहन तथा सरकारको सुशासन अभियानमा ऐक्यबद्धता व्यक्त गर्न समेत सबैलाई हार्दिक अपिल गर्नुभएको छ।

## विश्व समाचार

### खानीमा ग्यास चुहिँदा चौविस जनाको मृत्यु

बोक्सबर्ग (दक्षिण अफ्रिका), २१ असार (रासस/एएनआई)।

बुधवार साँझ बोक्सबर्गको बाहिरी भागमा अवस्थित एन्जेलो बस्तीमा अवैधरुपमा सञ्चालन गरिएको खानीमा ग्यास चुहिँदा बालबालिका र महिलासहित २४ जनाको मृत्यु भएको छ।

एकुरहुलेनीमा प्रकोप तथा आपत्कालीन व्यवस्थापन सेवाका प्रवक्ता विलियम तलाडीका अनुसार सिलिन्डरबाट चुहिएको ग्यासका कारण उनीहरूको मृत्यु भएको हो। दुई र पाँच वर्षका बालबालिकाले पनि ज्यान गुमाएका उनले बताए।

श्वासप्रश्वास प्रणालीमा नाइट्रेट ग्यासको प्रवेशसँगै उनीहरूको ज्यान गएको उनले स्थानीय सञ्चारमाध्यमलाई बताएका छन्। घटनास्थलमा खोज तथा उद्धार जारी छ।

प्रारम्भमा खानीमा विष्फोट भएको जानकारी प्राप्त भएपछि सुरक्षा तथा उद्धारकर्मी घटनास्थलमा पुगेका तर त्यहाँ विष्फोट नभइ ग्यास चुहिएको वास्तविकता खुलेको प्रवक्ता तलाडीले बताएका छन्।

### युक्रेन युद्धःरुसी आक्रमणमा तीन युक्रेनी मारिए

किएभ, २१ असार (रासस/एएफपी)।

पश्चिमी युक्रेनी शहर ल्भिभमा रहेको एउटा अपार्टमेन्टमा रुसी रकेट प्रहार हुँदा कम्तीमा तीन जनाको मृत्यु भएको नगरका प्रमखले बताएका छन्।

नगरप्रमुख एन्ड्री सडोवीका अनुसार रुसी आक्रमणमा परी आठ जना घाइते भएका छन्। घाइतेमध्ये एक जनाको अवस्था गम्भीर छ। भवनको भग्नावशेषमा धेरै मानिस फसेको आशङ्का गरिएको छ।

रुसी आक्रमणबाट एउटा चारतले भवनमा धेरै क्षति भएको छ भने अन्य ५० वटा आवासीय भवनमा क्षति भएको छ। करिब ५० वटा गाडीमा पनि क्षति भएको छ। केही समय अघि दुई जनालाई भग्नावशेषबाट निकालिएको छ। उद्धार टोलीले भग्नावशेषमा खोजी जारी राखेको छ।

क्षेत्रीय प्रमुख म्याक्सिम कोजित्स्कीले पानी आपूर्तिलगायत शहरमा महत्वपूर्ण पूर्वाधार सुविधामा पनि प्रहार भएको छ। यद्यपि उनले कुन-कुन पूर्वाधारमा क्षति भयो भन्नेबारेमा विस्तृत विवरण दिएका छैनन्। उक्त आक्रमणबारे रुसी सेनाले कुनै प्रतिक्रिया दिएको छैन।

### सतसट्ठी हजार भक्तजनद्वारा अमरनाथमा अर्चना

श्रीनगर, २१ असार (रासस/एएनआई)।

बितेका पाँच दिनमा पजुलाई १ मा यात्रा सुरु भएदेखि कूल ६७ हजार पाँच सय ६६ भक्तले अमरनाथको पूजार्चना गरेका छन्।

राज्य सरकारले बुधबार जारी गरेको बिज्ञप्तिअनुसार बुधबार साँझसम्ममा ती तीर्थयात्रीले अमरनाथ गुफाको दर्शन तथा पूजार्चना गरेका हुन्। राज्यका सबै सुरक्षा निकायले यात्रीको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर काम गरिहेको छन्। यात्राका बिभिन्न स्थानमा सुरक्षा फौजले शिविर स्थापना गरेर आवश्यक सहयोग गरिरहेको छ।

बुधबार बालटाल आधार शिविर र नुनवान आधार शिविरबाट १८ हजार तीन सय ५४ तीर्थयात्री अमरनाथ गुफाको दर्शन गर्न प्रस्थान गरेका जनाउँदै बिज्ञप्तिमा यात्रालाई सहज तुल्याउन राज्यका सबै निकाय बिभागले भक्तलाई सबै सुविधा उपलब्ध गराएर सहयोग गरिरहेका उल्लेख गरिएको छ। बैसट्ठी दिन लामो अमरनाथ यात्रा आगमी भदौ १४ गते समाप्त हुनेछ।

### आतङ्कवादी आक्रमाणको योजना बनाएको आरोपमा सात जना पक्राउ

बर्लिन, २१ असार (रासस/एएफपी)।


जर्मन प्रहरीले इस्लामिक स्टेट (आईएस) समूहबाट प्रेरित भई जर्मनीमा आतङ्कवादी हमलाको योजना बनाएको आरोपमा बिहीबार सात जनालाई पक्राउ गरेको छ।

पक्राउ परेका मध्य एसियाका ती पुरुष केही समयदेखि एकआपसमा परिचित रहेका तथा उनीहरूले पारस्परिक सम्पर्कलाई बढाउँदै कट्टरपन्थी इस्लामिक बिचारधारा साझा गरेका सङ्घीय अभियोजकको कार्यालय बताएको छ।

सन् २०२२ को प्रारम्भमा युक्रेनमा युद्ध सुरु भएको केही समयपछि उनीहरू जर्मनी आएका हुन्। सातै जना अभियुक्त लगभग एकै समयमा जर्मनी आएका बताइएको छ।

नेदरल्याण्ड्समा पक्राउ परेका अर्को संदिग्धसँग सातै जनाले सम्पर्क स्थापना गरेर आतङ्ककारी आक्रमण गर्ने उद्देश्यका साथ एउटा सानो समूह गठन गरेका थिए। उनीहरूले जर्मनीको कुन स्थानमा आक्रमण गर्ने भन्ने निर्णय नगरे पनि घातक हतियार प्राप्तिको भरमग्दुर प्रयास गरेका अभियोजनकर्ताहरूले बताएका छन्।

# मुख्यमन्त्रीमा थापा नियुक्त



विराटनगर, २१ असार (रासस)। कोशी प्रदेशका प्रमुख पर्शुराम खापुडले कोशी प्रदेशको मुख्यमन्त्रीमा उद्धव थापालाई बिहीबार नियुक्त गर्नुभएको छ।

नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश प्रमुख खापुडले उहाँलाई मुख्यमन्त्री पदमा नियुक्त गर्नुभएको हो।

प्रदेश प्रमुख खापुडले नवनियुक्त मुख्यमन्त्री थापालाई बधाई तथा शुभकामना पनि दिनुभएको छ भने भोलि बिहान ९ बजे मुख्यमन्त्रीले शपथ लिनुहुने कार्यक्रम तय भएको छ।

# अनुमतिबिना अरुको नागरिकता प्रयोग गरी वान एक्स बेटबाट कारोबार

काठमाडौँ, २१ असार (रासस)। वानएक्स बेटमार्फत अनलाइन जुवा खेलाएको आरोपमा पक्राउ परेका एजेन्ट दिनेश खड्काले मञ्जुरीबिना अन्य केही व्यक्तिको नागरिकता प्रयोग गरेको पाइएको छ।

उक्त खेलमार्फत उनले रु ३१ करोडभन्दा बढी रकमको कारोबार गरेको पाइएको अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ।

गत जेठ ३० गते पक्राउ परेका खड्काले केही व्यक्तिको नागरिकता प्रयोग गरी उनीहरुको मन्जुरीबिना ४२ वटा खाता खोलेर विद्युतीय माध्यम दुरुपयोग गरी अनाधिकृतरुपमा खातामा रु ३१ करोड ३२ लाख ६४ हजार दुई सय ५२ जम्मा गरेर सो रकम अन्य खातामा पठाएको खुल्न आएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिनुभयो।

उहाँका अनुसार निज अभियुक्तविरुद्ध दुई पीडितले बैङ्किङ कसूर तथा सजाय ऐन २०६४ को दफा ३ (क) र (ख), दफा ५ को (क) र (ग) र दफा ६ बमोजिम कसुर गरेको किटानी जाहेरी काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयमा दिएकामा आवश्यक कारबाहीको लागि टेकुस्थित जिल्ला प्रहरी परिसर पठाइएको छ।

# एसइई नतिजा : माथिल्लो ग्रेड ल्याउने विद्यार्थी बढे

काठमाडौँ, २१ असार (रासस)। माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई)को परीक्षाफलमा अघिल्लो वर्षको तुलनामा संवत् २०७९ को परीक्षामा माथिल्लो ग्रेड (स्तरीकृत अङ्क) ल्याउने विद्यार्थीको सङ्ख्या सुधारोन्मुख रहेको पाइएको छ। प्रकाशित नतिजाअनुसार तल्लो ग्रेड ल्याउने विद्यार्थी घट्दो र माथिल्लो ग्रेड ल्याउने विद्यार्थी बढ्दो पाइएको हो।

अघिल्ला वर्षमा कोभिड- १९ का कारण भौतिक माध्यमबाट पढाइ नभएको र विद्यार्थीले पर्याप्त तयारी गर्न नपाएकाले नतिजा कमजोर रहेकामा हाल नियमित पठनपाठनले त्यसमा सुधार आएको विश्लेषण गरिएको छ।

राष्ट्रिय परीक्षा बोर्डका अनुसार जिपिए शून्य दशमलव ८० देखि १ दशमलव २० ग्रेड ल्याउने २२ हजार विद्यार्थी अर्थात् शून्य दशमलव ४५ प्रतिशत देखिएका छन्। संवत् २०७८ को परीक्षाको परीक्षाफलमा यस ग्रेडमा शून्य दशमलव ६६ प्रतिशत विद्यार्थी थिए।

जिपिए एक दशमलव २० देखि एक दशमलव ६० सम्ममा यसवर्ष ३८ हजार सात सय ७७ अर्थात् सात दशमलव ९९ प्रतिशत विद्यार्थी छन् भने गत वर्ष नौ प्रतिशत थिए।

जिपिए एक दशमलव ६० देखि दुईसम्म प्राप्त गर्ने यसवर्ष ८८ हजार चार सय ४७ अर्थात् १८ दशमलव २४ विद्यार्थी छन् भने गतवर्ष २० दशमलव ३० प्रतिशत थिए।

जिपिए दुईदेखि दुई दशमलव ४० सम्म यसवर्ष एक लाख २२ हजार ९३ विद्यार्थी अर्थात् २१ दशमलव ०९ विद्यार्थी छन् भने गत वर्ष २३ प्रतिशत थिए।

जिपिए दुई दशमलव ४० देखि दुई दशमलव ८० सम्म ल्याउनेमा यसपटक ८९ हजार तीन सय ३१ अर्थात् १८ दशमलव ४२ छन् भने गतवर्ष १८ दशमलव ३१ प्रतिशत थिए।

जिपिए दुई दशमलव ८० देखि ३ दशमलव २० सम्ममा ७२ हजार तीन सय ६२ अर्थात् १४ दशमलव ९२ प्रतिशत विद्यार्थी छन् भने गत वर्ष १४ दशमलव १९ प्रतिशत थिए।

जिपिए तीन दशमलव २० देखि तीन दशमलव ६० ग्रेड ल्याउने ५५ हजार ६९ अर्थात् ११ दशमलव ३६ प्रतिशत छन् भने गत वर्ष ८ दशमलव ४० प्रतिशत थिए।

जिपिए ३ दशमलव ६० देखि चार प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या यसवर्ष २२ हजार चार सय ७५ अर्थात् चार दशमलव ६३ प्रतिशत छ भने गतवर्ष एक दशमलव ९४ प्रतिशत विद्यार्थी थिए। यसवर्ष ननग्रेडेड हुनेमा १३ हजार नौ सय ९२ अर्थात् दुई दशमलव ८९ प्रतिशत विद्यार्थी छन्।

परीक्षामा चार लाख ८४ हजार नौ सय ३९ नौ विद्यार्थी रहेकामा चार सय ३१ विद्यार्थीको परीक्षा रद्द गरिएको छ भने दुई सय ९० विद्यार्थीको परीक्षाफल स्थगन गरिएको बोर्डले जनाएको छ।

अक्षराङ्कन पद्धतिबमोजिम ९० देखि १०० प्रतिशत प्राप्ताङ्क हुनेलाई ए प्लस, ८० देखि ९० भन्दा कम अङ्क प्राप्त गर्नेलाई ए, ७० देखि ८० भन्दा कम प्राप्ताङ्क हुनेलाई बी प्लस, ६० देखि ७० भन्दा कम प्राप्ताङ्क हुनेलाई बी, ५० देखि ६० भन्दा कम प्राप्ताङ्क हुनेलाई सी प्लस, ४० देखि ५० भन्दा कम प्राप्ताङ्क हुनेलाई सी, ३० देखि ४० भन्दा कम प्राप्ताङ्क हुनेलाई डी प्लस, २० देखि ३० प्राप्ताङ्क हुनेलाई डी तथा २० भन्दा कम प्राप्ताङ्क हुनेलाई ई ग्रेड प्रदान गरिन्छ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले परीक्षा प्रणालीको सुधार र कक्षाकोठाको वातावरणमा सुधार आएमा नतिजामा सुधार आउने भन्दै समग्र नतिजाको मूल्याङ्कनबारे विस्तृत अध्ययनपछि के आधारमा सुधार आयो भन्न सकिने बताउनुभयो। उहाँले सामुदायिक र संस्थागत विद्यालयका आधारमा नतिजालाई तुलना गरेर विद्यार्थीबीच विभेद सिर्जना नगरिने स्पष्ट पार्नुभयो।

बोर्डका सदस्यसचिव दुर्गाप्रसाद अर्यालले समग्रमा गत वर्षभन्दा यसवर्षको नतिजा सकारात्मक रहेको बताउनुभएको हो। अक्षराङ्कन पद्धतिमा नतिजा प्रकाशन गर्दै आएको बोर्डले विषयगत र प्रदेशगत परीक्षाफलको नतिजा पनि पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको छ। बोर्डले मौका परीक्षा साउन महिनाको अन्तिममा सञ्चालन गर्नेछ।

### एमाले र अध्यक्ष ...

प्रदर्शन गरेका हुन्।

मिटरब्याजी पीडित संघर्ष समिति सप्तरीको अगुवाईमा निस्केको जुलुस, २०८० बैशाखमा सरकारले ल्याएको अध्यादेश हुबहु पारित गर, मिटर ब्याजी (सुधखोर साहुमहाजन) लाई पक्राउ गर, मिटरब्याजी पीडितलाई न्याय दे लगायतका नाराबाजी गर्दै पीडितहरुले प्रदर्शन गरेका छन्।

प्रदर्शनका क्रममा मिटरब्याजी पीडितलाई न्याय दिन सरकारले ल्याएको अध्यादेश पारित गर्न नदिन नकपा एमाले अध्यक्ष केपी शर्मा ओलीसहित एमालेका सांसदहरुद्वारा संसद अवरुद्ध गरिएको भन्दै अध्यक्ष ओली र एमाले बिरुद्ध पनि चर्को नाराबाजी गरेका थिए।

मिटरब्याजी पीडितहरुले एमाले र अध्यक्ष ओलीकै कारण आफूहरुको पक्षमा आउन लागेको अध्यादेश निस्कृय भएको भन्दै एमाले विरुद्ध चरणबद्ध आन्दोलन गर्ने चेतावनी समेत दिएका छन्।

मिटरब्याजी पीडित संघर्ष समितिका अध्यक्ष तैयब अलीले ऐन नियम बिपरित मनोमानी ढंगले ऋण लगानी र ब्याज असुली गर्ने मिटरब्याजीका कारण हजारौं सोझासाझा, गरिब, विपन्न नागरिकको उठिबास भएको र त्यस्ता प्रबृतीलाई एमालेले संरक्षण दिएको आरोप लगाए।

मिटरब्याजी समस्या समाधान गर्न ल्याइएको अध्यादेश पारित हुने अन्तिम दिन एमालेले संसद अवरुद्ध गर्दा कानुन निस्कृय बन्ने खबरले आफूहरु अन्यायमा परेको भन्दै मिटरब्याजी पीडितहरुले अविलम्ब सो अध्यादेश पारित गर्न माग गरेका छन्।

### उपप्रमुख यादवलाई ...

कार्यालय सप्तरीले मुद्दा दर्ता गरेको थियो। कृष्णाले भारतीय नागरिक मिरा नेपालको नागरिकता समेत लिई उपमेयर बनेको र प्रहरी, प्रशासनले मुद्दा दर्ता गर्न नमानेको भन्दै उच्च अदालतमा परमादेशको माग गर्दै रिट दायर गरेका थिए।

उपप्रमुख मिराकुमारी यादव र उनका पति महेन्द्रकुमार यादव भारतको बिहारस्थित मझारी पञ्चायत अन्तर्गतको मझारी गाउँका स्थानीय भएको दाबी गर्दै २०७९ साउनमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेको थियो। मिरा, महेन्द्रसहित उनीहरुका सन्तानले समेत झुठा विवरण पेस गरेर नेपाली नागरिकता लिएको उजुरीमा उल्लेख छ।

भारतको मतदाता सूचीमा मिराको नाम रहेको दाबी उजुरीमा गरिएको छ। अनुमण्डलीय न्यायालय, निर्मलीमा महेन्द्र र मिराले पेस गरेको शपथपत्र तथा भारतको निर्वाचन आयोगबाट लिएको पहिचान पत्र समेतबाट उनीहरू भारतीय रहेको प्रमाण पनि उजुरीमा समावेश गरिएको छ।


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८९१८७



## बाढीबाट बच्ने उपायहरु




अनुरोधकर्ता

तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np